दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १८३ | बुटवल | २०८२ असार १५ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday June.29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## एमालेलाई निर्णायक बनाउन लाग्छु : विद्या



बुटवल। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफू नेकपा एमालेको राजनीतिमा जोडिएको घोषणा गरेकी छिन् । स्व. मदन भण्डारीको ७४औं जन्मोत्सवमा आयोजित सभालाई सम्बोधन गर्दै उनले अब एमालेलाई निर्णायक बनाउन आफू सक्रिय हुने स्पष्ट पारिन् । उनले पार्टी राजनीतिमा फर्किएको घोषणा गर्दा कार्यक्रम स्थलमा उनको पक्षमा हुटिङ भएको थियो ।

एमालेबाटै राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ आफूले पार्टी सदस्यता नवीकरण गरेको उनले बताइन् ।

'फरक ढङ्गको राजनीतिक जिम्मेवारीबाट मुक्त भएपछि नेकपा (एमाले) मै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ मैले पार्टी सदस्यता नवीकरण गरेको छु,' भण्डारीले भनिन्- 'अब म नेकपा (एमाले) परिवारको एक सदस्यको रूपमा पुनः जोडिएको छु र यसमा म गर्व गर्दछु ।'

» बाँकी ३ पेजमा

## नेतृत्वबारे बोल्न पाउनुपर्छ : इश्वर



बुटवल । नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले पार्टीको महाधिवेशन हुँदैगर्दा नेता कार्यकर्ताले नेतृत्वबारे बोल्न पाउनुपर्ने बताएका छन् ।

स्वं नेता मदन भण्डारीको ७४औं जन्मोत्सवको अवसरमा मदन भण्डारी फाउन्डेशनले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

पार्टीले आगामी भदौ २०-२२ मा विधान अधिवेशन राखेको छ । विधान अधिवेशन आउँदा केही नेताहरू सलबलाउने कुरा सामान्य भएको उनको भनाइ थियो ।

पोखरेलको यो विषय एमाले नेतृत्वमा आकांक्षा राखिरहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी लक्षित थियो ।

'सचेत कार्यकर्ता त विधान महाधिवेशन आउँदा सलबलाउँछन् नि । यो बोल्न पाइँदैन भनेर बोल्न मिल्यो ? मिल्दैन,' पोखरेलले भने, 'मान्छेले कुरा त गर्ने भयो नि, तर, पार्टीभित्रको सीमारेखा भत्काउन हुँदैन ।

» बाँकी ३ पेजमा

# एसईईमा रूपन्देहीमा ८५ जना बढीको ४ जीपीए

## सबैभन्दा धेरै मणिग्रामको शान्ति नमूना माविका




**लुम्बिनी संवाददाता**

*बुटवल*

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ को शुक्रबार प्रकाशित नतिजामा रुपन्देहीका ८५ जना बढीले जीपीए ४ अंक ल्याएका छन् । ४ जीपीएको यो नतिजाले रुपन्देही विद्यालय शिक्षामा अब्बल रहेको पुष्टी गरेको छ । विद्यालयहरुले दिएको जानकारीअनुसार सबैभन्दा धेरै रुपन्देहीको मणिग्रामको सामुदायिक विद्यालय शान्ति नमूना माविका १८ जनाले जीपीए फोर ल्याएका छन् ।

यस्तै दोस्रोमा न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलका ११ जना, तेस्रोमा अक्सफोर्ड बोर्डिङ बुटवलका १० जना, चौथोमा कालिका मानवज्ञान मावि बुटवलका ७ जनाले जीपीए फोर ल्याएका छन् ।

यस्तै सैनामैना नमूना माविका ४ जना, न्यू लुम्बिनी बोर्डिङ् स्कुल, देवदहका ४ जना र नयाँगाउँ मावि बुटवलका ३ जनाले पनि जीपीए ४ ल्याएका छन् । यस्तै दीप बोर्डिङ् स्कुल बुटवलका २ जना, प्रभात बोर्डिङ् स्कुल सैनामैनाका २ जना, नवरत्न माध्यमिक विद्यालय बुटवलका २ जना, तिनाउ बोर्डिङ् स्कुल बुटवलका २ जना र गार्गी बोर्डिङ् स्कुल बुटवलका २ जनाले पनि जीपीए ४ ल्याएका छन् ।

यस्तै बुटवल पब्लिक स्कूलकी श्रीसा न्यौपाने, सिद्धिविनायक सेकेन्डरी स्कुल सेमलारकी स्वेता शर्मा, रामापुर मावि सैनामैना, कान्ति मावि बुटवल, जनकल्याण माविसैनामैना, ड्रिम भिजन बोर्डिङ् स्कुल फर्साटिकर, सुनगाभा पब्लिक बोर्डिङ् सैनामैना, सैनामैना मेमोरियल सैनामैना, सिद्धेश्वर लालकुमारी मावि बुटवल, नविन औद्योगिक कदरबहादुर रीता मावि बुटवल, न्यू इन्भारमेन्ट बोर्डिङ् तिलोत्तमा, होराइजन गौतमबुद्ध बोर्डिङ् तिलोत्तमा र एभरेष्ट बोर्डिङ् स्कुल बुटवलका एक-एक जना विद्यार्थीले जीपीए ४ ल्याएका ती विद्यालयहरुले जानकारी दिएका छन् ।

शान्ति नमूना माविबाट ६०९ जना विद्यार्थी परीक्षामा सहभागी भएकामा सर्वदा विश्वकर्मा, मोहम्मद रेहान खान, सरिता यादव, सेवा रेग्मी, स्वप्निल गैह्रे, सेलिना लामा, सौगात पाण्डे, सुसन पंगेनी, अनिल ज्ञवाली, अप्सन पौडेलले ४ जीपीए ल्याएका हुन् ।

यस्तै सृजन घिमिरे, शिशिर भुसाल, शिवानी डुम्रे, सुशान्त अर्याल, आशिष पाण्डे, अनिश भुसाल, सन्देश न्यौपाने र किस्मत थापाले ४ जीपीए ल्याएको प्रधानाध्यापक कुलप्रसाद लामिछानेले बताए ।

त्यस्तै बुटवलको कालिका मानवज्ञान माविबाट सात जना विद्यार्थीले चार जीपीए हासिल गरेका छन् । परीक्षामा ५९६ जना विद्यार्थी सहभागी भएकोमासुदर्शन न्यौपाने, अस्मिना पराजुली, प्रशंसा पराजुली, आशिष केसी, प्रतिक पौडेल, स्वरूप न्यौपाने, सुजन बाह्रघरे र राम शर्माले चार जीपीए ल्याएका विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जानकारी दिए । बुटवलको कान्ति माविका छात्र सिजल पन्थीले पनि चार जीपीए ल्याएका छन् । बुटवलकै नवीन औद्योगिक कदरबहादुर रीता माविका छात्र आर्यन पौडेलले पनि फोर जीपीए ल्याएका छन् । शुक्रबार साँझ प्रकाशित नतिजामा नेपालभरबाट ३.६० देखि ४ जीपीएसम्म अङ्क ल्याउने विद्यार्थीको संख्या ४८ हजार १७७ रहेको छ । जसमध्ये देशभरबाट चार जीपीए ल्याउने विद्यार्थी ५४० छन् । जसमध्ये रुपन्देहीका मात्रै ८७ जना छन् ।

नेपालभरबाट ३.६० देखि ४ जीपीएसम्म अंक ल्याउने विद्यार्थीको संख्या ४८ हजार १७७ रहेको छ । रुपन्देही जिल्लामा २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा २२ हजार ९७५ विद्यार्थीहरू सहभागी भएका थिए ।

### रूपन्देही ३ को उप-चुनाव :

# मधेशी मोर्चाबाट सन्तोष पाण्डे ?

**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीको क्षेत्र नं. ३ मा उप-चुनाव हुने निश्चित भएसँगै उम्मेदवारीको चर्चा सुरु भएको छ । सबैले चासोका साथ ककस्को उम्मेदवारी हुने प्रतिक्षा गरिरहेकै बेला प्रदेश सभा सदस्य सन्तोषकुमार पाण्डेले पनि उम्मेदवारी दिने स्रोतले जानकारी दिएको छ ।

बिहीबार काठमाडौंमा भएको मधेस केन्द्रित सात दल सम्मिलित संघीय लोकतान्त्रिक मोर्चाले साझा उम्मेदवार अघि सारेर जानेगरी छलफल चलाएपछि पाण्डेको चर्चा सुरु भएको छ । मोर्चाको बैठकमा उप-निर्वाचनमा अलग अलग जाँदा जित्न नसक्ने निष्कर्षसहित मिलेर जानेबारेसात दल छलफलमा छन् ।

उपचुनावमा साझा उम्मेदवार बनाएर जानेबारे थप छलफल गर्न आज आइतबार बैठक डाँकिएको छ । एक नेताका अनुसार यहाँ नागरिक उन्मुक्ति, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र जनमत पार्टीले दाबी गरेका छन् ।

पाण्डेले संविधान सभा चुनावमा उम्मेदवारी दिई दोस्रो स्थान हासिल गरेका, २०७४ मा संघीय समाजवादी फोरमबाट उम्मेदवारी दिई प्रदेशसभामा निर्वाचित भएका थिए । लोसपाको तर्फबाट सन्तोष पाण्डेको नाम अघि सारिने प्रदेश समितिले जानकारी दिएको छ ।

स्रोतका अनुसार रुपन्देहीको क्षेत्र नम्बर ३ (१)बाट निर्वाचित पाण्डेलाई मोर्चाको तर्फबाट उम्मेदवार बनाउने पक्का भएपछि प्रदेश सभाबाट राजीनामा दिने छन् ।

राप्रपाबाट निर्वाचित सांसद दीपक बोहराको निधनपछि खाली रहेको क्षेत्रमा निर्वाचन आयोगले उप-चुनाव गर्ने तयारी थालेको छ । २०७९ मा एमाले, राप्रपा र जसपाको



गठबन्धनबाट बोहराले चुनाव जितेका थिए । कांग्रेस, माओवादी र लोसपाको संयुक्त गठबन्धनबाट बहालवाला तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण उम्मेदवार थिए । अहिले पनि कांग्रेसमा खाँणको नाम चर्चामा आए पनि उनीविरुद्धको मुद्दा विचाराधिन रहेकोले प्रमोदकुमार यादवको चर्चा पनि छ । यस्तै गत निर्वाचनमा रुपन्देही क्षेत्र नम्बर पाँचबाट एमालेका बासुदेव घिमिरेसँग पराजित भएका भरत शाहको नाम पनि चर्चामा छ । यस्तै, नेकपा एमालेबाट केन्द्रीय सदस्य खिमलाल भट्टराईको नाम चर्चामा आएको छ ।

यता बोहराको निधनपछि राप्रपाबाट उम्मेदवार बन्न उनका छोराहरु प्रज्ज्वल बोहरा र गौरव बोहरा दुई भाइमध्ये नभए बोहराकी नातिनी एवं पार्टी केन्द्रीय सदस्य स्वाती थापा उम्मेदवार बन्ने चर्चा राप्रपामा भइरहेको छ ।

रुपन्देहीको क्षेत्र नं.३ भारतको सुनौली नाकादेखि बुटवलसम्म फैलिएको छ । विगतको सांगठनिक संरचना हेर्दा क्षेत्रमा कांग्रेस, एमाले र राप्रपाबिच प्रतिस्पर्धा हुने देखिन्छ, तर पुराना पार्टीभन्दा पनि मतदाताले नयाँलाई रोज्न सक्छन् भन्ने पनि छ ।

कांग्रेस-एमाले सत्ता सहकार्यमा रहेकाले यहाँको चुनावमा के गर्छन्, त्यसले नतिजा उल्टाउनेछ । रुपन्देही-३ मा सिद्धार्थनगर नगरपालिकाका १३ वटै वडा, सियारी गाउँपालिकाको ५ वटा वडा, ओमसतिया गाउँपालिकाको एक, मायादेवी गाउँपालिकाको २, तिलोत्तमा नगरपालिकाको २, शुद्धोधन गाउँपालिका र बुटवल उपमहानगरपालिकाको ६ वटा वडा समेटिएको छ ।

२०७९ सालमा दीपक बोहोराले जित्दा कांग्रेसका खाँण पराजित भएका थिए । सत्ता गठबन्धनबाट उम्मेदवार बनेका खाँणले ३४ हजार ६ मत पाउँदा राप्रपाका दीपक बोहोराले ३६ हजार ६४८ मत पाई विजयी बनेका थिए । समानुपातिक मत हेर्दा यो क्षेत्रबाट २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले २० हजार २७८ मत पाउँदा एमालेले १६ हजार ९८६ मत पाएको छ ।

यस्तै, रास्वपाले १४ हजार १५४ मत ल्याउँदा राप्रपाले भने ९ हजार १८३ मत पाएको छ । यस्तै, नागरिक उन्मुक्ति पार्टीले ६ हजार १०, जसपा नेपालले ५ हजार २९१, लोसपाले ५ हजार ५३ र जनमतले ३ हजार ७३२ मत, माओवादी केन्द्रले २ हजार ६ सय, जनमुक्ति पार्टीले १ हजार ९ सय, हाम्रो नेपाली पार्टीले १ हजार ३४७ र नेकपा एसले ७८१ मत प्राप्त गरेका थिए ।


पाणिनी गाउँपालिकाको अनुरोध

- बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं :
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं

अनुरोधक :

पाणिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## रानीमहलको मौलिकता जोगाउन पहल

पाल्पाको रानीमहललाई पुरानै अवस्थामा फर्काएर संरक्षण गर्न पहल थाल्नु सकारात्मक छ। उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको पहलमा अर्थमन्त्रालयमा पाल्पाका जनप्रतिनिधिसहितको बैठकले रानीमहलको संरक्षण र प्रवर्धनका लागि गुरुयोजना बनाएर काम अघि बढाउने निष्कर्ष निकालेको छ।

प्रेमको प्रतिक मानिने रानीमहल खड्ग शम्शेरकै पालाको झल्को दिने गरी संरक्षण गर्दा पर्यटन प्रवर्धनमा बल पुग्नेछ। रानीमहलको संरक्षण र प्रवर्धनले पाल्पाको पर्यटनमा टेवा पुऱ्याउनेछ। पाल्पा पर्यटकीय स्थल हो। रानीमहल झैँ धेरै सम्पदा भएको पाल्पामा अहिले सम्पदा संरक्षणको काम अघि बढेको छ। भैरवस्थानस्थित भैरव मन्दिरको पुनर्निर्माण सम्पन्न भई आकर्षक देखिएको छ। पाल्पा दरबार पुनर्निर्माण सम्पन्न भई संग्रहालय सञ्चालनमा आएको छ। अमरनारायण मन्दिर जीर्णोद्धार भएको छ। भगवती मन्दिर पुनर्निर्माणका लागि बजेट विनियोजन भएको छ। रूरू क्षेत्रको वृहत्तर विकासका लागि गुरुयोजना बनाएर काम थालिएको छ। पाल्पामा यस्ता धेरै सम्पदास्थल छन्, संरक्षण गर्दा भावी पुस्ताका लागि न्याय हुनेछ। वर्तमानमै पर्यटन प्रवर्धन गरी लाभ लिन सकिन्छ।

पर्यटक भनेका विदेशी मात्रै होइनन्। स्वदेशमै घुमफिर गर्ने संस्कृति बढेको छ। प्रकृति र सम्पदाप्रति पर्यटकको रूची बढेको छ। प्रकृति र सम्पदाका लागि पाल्पा प्रख्यात छ। तराईको उखरमाउलो गर्मीमा यहाँ शितल हुन्छ। शितलहरको कठाङ्ग्रिने जाडोमा पाल्पामा न्यानो हुन्छ। नेपालको तराईसहित सीमावर्ती भारतीय शहरका पर्यटक आकर्षित गर्ने धेरै सम्भावना छ। अहिले भारतीय पर्यटकले तानसेनका होटल खचाखच छन्। पाल्पामा अझैँ धेरै गर्न सकिन्छ। र, गर्नुपर्ने छ। रानीमहललाई पुरानै अवस्थामा फर्काउँदा रानीमहलको मौलिकता जीवन्त हुनेछ। पाल्पा दरबार संग्रहालयको सञ्चालनले पाल्पाको पर्यटनलाई उकास्यो। तानसेन नगरमा सडकमा ढुङ्गा हटाएर पक्की गरिएको थियो। अहिले पुनः ढुङ्गा छापिएको छ, यो पाल्पाको मौलिकता हो। तानसेनको करूवा उद्योग र पाल्पाली ढाका उद्योग पाल्पाका पहिचान हुन्। करूवा र पाल्पाली ढाका उद्योगलाई जिवन्त राख्न पहलकदमी लिन आवश्यक छ। पाल्पाली ढाकाको बजारमा माग उच्च छ, तर उत्पादन गर्न व्यवसायी हिच्किचाइहेका छन्। बजारमा माग उच्च हुँदाहुँदै व्यवसायी किन उत्साहित हुन सकिरहेका छैनन्? सरकारले कारण खोजेर समस्या समाधानको पहलकदमी लिन आवश्यक छ।

लुम्बिनी प्रदेशको एकमात्र बौद्ध संस्कृति भएको शहर हो, तानसेन। तानसेनमा बौद्ध धर्मका प्रकाण्ड विद्वान अमृतानन्दको जन्म भएकाले अमृतानन्दको स्मृतिमा सरकारले संग्रहालय, पुस्तकालय, ध्यान केन्द्रको निर्माण गर्न सके विदेशबाट समेत उनका अनुयायी आउनसक्छन्। र, बौद्ध संस्कृतिलाई पनि जीवन्त राख्न सकिन्छ।

रानीमहललाई जीवन्त राख्ने पहलसँगै पाल्पाका सम्पदा संरक्षण र प्रवर्धनका लागि सरकारको ध्यानाकर्षण गराउने काम स्थानीय बासिन्दाको हो, पालिकाका जनप्रतिनिधिको हो। राजनैतिक दलको स्थानीय नेतृत्वको हो। प्राकृतिक र सांस्कृतिक दृष्टिले वैभवपूर्ण पाल्पाको पर्यटन प्रवर्धनलागि सबै हातेमालो गरेर अघि बढौँ।

### बुटवल उप–महानगरको बजार अनुगमनः

## गाउँदेखि वडासम्म विस्तारको तयारी

अनिता चौधरी

*बुटवल*



बुटवल उप-महानगरपालिकाले आम उपभोक्ताहरूको हितलाई ध्यानमा राखेर नियमित बजार अनुगमन गर्दै आएको छ। खासगरी पछिल्लो समय तीन वर्षयता स्थानीय तहको उत्तरदायित्व र सक्रियता झल्काउँदै बजार अनुगमनलाई तिब्रता प्रदान गरिएको छ। निरन्तरको अनुगमनले बजार क्षेत्रमा सुधार भैसकेको र गाउँ क्षेत्रमा क्रमशः पुग्ने योजना रहेको उप-महानगरले जनाएको छ।

उप-महानगरपालिकाले यो आर्थिक वर्षमा बजार केन्द्रित अनुगमनमार्फत् ९४ पटक निरीक्षण सम्पन्न गरिसकेको छ, जसको मुख्य उद्देश्य बजारमा उपभोक्तालाई गुणस्तरीय सेवा, सही तौल, मूल्य पारदर्शिता र म्याद नाघेका सामग्रीको नियन्त्रण गर्नु हो, खाद्यान्नदेखि लत्ता कपडा, फलफूल, तरकारी, औषधि, सौन्दर्य सामग्री र अन्य दैनिक उपभोग्य वस्तुमा निरन्तर निगरानी गरिएको छ।

बजार व्यवस्थापन र उपभोक्ता संरक्षण स्थानीय तहको जिम्मेवारीभित्र पर्छ। बुटवल उप-महानगरपालिकाले पछिल्ला वर्षहरूमा बजार अनुगमनमा देखाएको सक्रियता, शुद्धता, मूल्य नियन्त्रण, मापदण्डको पालना र उपभोक्ताको हकहितका पक्षमा परिणाममुखी सावित हुँदै गएको छ। व्यवस्थित र नियमित अनुगमनका कारण बुटवलका बजारहरूमा सुधार देखिन थालेको छ भने व्यवसायीहरू पनि क्रमशः जिम्मेवार बन्न थालेका छन्।

व्यवसायीहरूले उपमहानगरको यो पहललाई सकारात्मक रूपमा लिएको देखिन्छ। बुटवल ५ मा किराना पसल सञ्चालन गर्दै आएका व्यवसायी विजय पोखरेल भन्छन्–"अनुगमन नियमित भएपछि हामी पनि सचेत भयौं, ग्राहकसँगको सम्बन्ध अझ बलियो भएको छ।"

नेपालका ठूला र प्रमुख नगरहरूमध्ये बुटवल व्यवसायिक र आर्थिक शहरको रूपमा विकसित भएको शहर हो। यहाँ पुरानो दर्जनौ ठूला बजार, हजारौँ संख्यामा व्यापार व्यवसाय सञ्चालनमा रहेका छन् भने विभिन्न प्रकारका उद्योग, कलकारखाना पनि सञ्चालनमा छ। उपभोक्ता अधिकार सुनिश्चित गर्न, स्वस्थ र गुणस्तरीय सामाग्री बिक्रि वितरण गर्न, व्यवसाय दर्ता र नविकरण, मुल्यसूची राख्न, नापतौल जाँच र सरसफाईमा ध्यान दिन बुटवल उप-महानगरपालिकाले बजार अनुगमनलाई तिब्रता दिएको छ।

हाल उप-महानगरको अनुगमन मुख्य रूपमा शहर केन्द्रित रहँदै आएको छ। तर उपमहानगर क्षेत्रभित्र रहेका अन्य तिनाउ पारिका वडाहरू, जसमा गाउँबाट बजार बनेका क्षेत्रसमेत छन्, तीमा अझैँसम्म नियमित अनुगमन पुग्न सकेको छैन। बजार विस्तारको गतिसँगै अनुगमन संयन्त्र पनि सशक्त बनाउनु अपरिहार्य रहेको बुटवल १७ का व्यवसायी टंक न्यौपाने बताउँछन्। उनी भन्छन्–"शहर बजारमा अनुगमन हुनु राम्रो हो तर बुटवल उपमहानगरपालिकाभित्र गाउँ पनि पर्दछ। गाउँभित्रका बजारमा बजारको अवस्था के छ? भन्नेबारे नगरपालिका जानकार हुनुपर्दछ।"

यता बुटवल-१७ मा विगत १५ वर्षदेखि टिकाराम श्रीपाली गुल्मेली किराना पसल सञ्चालन गर्दै आइरेहका छन्। आफूले व्यवसाय सञ्चालन गरेको लामो समय हुँदा पनि अनुगमन टोली आफ्नो पसलमा नआएको उनले बताए। अनुगमन नहुँदा दर्ता विना नै व्यवसाय सञ्चालनले दर्ता भएका व्यवसायीलाई असर पारिरहेको छ। समय समयमा अनुगमन गर्दा व्यापार व्यवसायीमा अनुशासन र स्वच्छ व्यापारमा एकरूपता कायम हुनेछ। जसले कालोबजारी नियन्त्रण र मानव स्वास्थ्यलाई समेत बचाउने उनको भनाइ छ।

बजार अनुगमन कार्यले व्यापारी र उपभोक्ता दुवै सचेत हुने व्यवसायी बसन्त सुरज ठकुरीको भनाई छ। कोल्ड ड्रिंस पसल सञ्चालन गर्दै आएका ठकुरीले सरकारी निकायबाट हुने निरीक्षणले व्यापारीले गर्ने बदमासीमा नियन्त्रण हुने र उपभोक्ता अधिकार सेवाग्राहीले बुझ्ने बताए। उनी भन्छन्–"आफूले लाखौ रुपैयाँको लगानी खर्चेर, व्यवसाय दर्ता, राज्यलाई कर तिरेर व्यवसाय सञ्चालन गर्छौं भने केही पसलले भने एकैठाउँ खाद्य, पेय, तरकारी, फलफूल, स्टेशनरी सबै प्रकार सामग्री बेच्ने गरेको देखिन्छ, यसले हामी जस्ता व्यवसायीको व्यवसायमा प्रत्यक्ष असर परिरहेको छ। यसको निगरानी सरकारी निकायले अनुगमन गरि नियन्त्रण गर्नुपर्दछ।"

उपभोक्तहित संरक्षण मञ्च, रूपन्देहीका अध्यक्ष समुन्द्र जि.सी.ले हरेक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका बजारमा हुने अनियमित गतिविधिमाथि नियन्त्रण गर्नुपर्नेमा जोड दिएका छन्। उनले बजार मात्र नभइ अन्य सार्वजनिक सेवाका क्षेत्रहरू–जस्तै शिक्षा, स्वास्थ्य, यातायात आदिमा पनि उस्तै सक्रियताका साथ अनुगमन हुनुपर्नेमा जोड दिए। "अनुगमन गर्ने निकायहरूबीच सहकार्य भएर अघि बढ्न सकेमा अनुशासनयुक्त व्यापार व्यवस्था कायम हुन सक्थ्यो, जसले उपभोक्तका अधिकार पनि सुनिश्चित हुन्थ्यो।"- उनले भने।

बुटवल उप-महानगरपालिकाकी उपप्रमुख तथा अनुगमन समितिका संयोजक सावित्रा अर्यालले उप-महानगरपालिकाको बजार अनुगमन थप प्रभावकारी बन्दै गएको दाबी गरेकी छन्। उनका अनुसार आफू निर्वाचित भएपछि बजार अनुगमनलाई नियमित रूपमा र आकस्मिक रूपमा समेत सञ्चालन गरिँदा व्यवसायमा सकारात्मक सुधार देखिन थालेको छ। उप-प्रमुख अर्यालका अनुसार अनुगमनका क्रममा विभिन्न अनियमितता फेला परेका छन्। तीमध्ये व्यवसाय दर्ता नगरी सञ्चालन गर्ने, लामो समयसम्म नवीकरण नगर्ने, म्याद सकिएका खाद्य वस्तु बेच्ने, मूल्यसूची नराख्ने, लेबलविहीन पेय पदार्थ बिक्री गर्ने, नापतौलमा गडबडी गर्ने, खरिद बिल नराख्ने तथा होटल-रेष्टुरेण्टहरूमा सरसफाइको बेवास्ता गर्नेजस्ता समस्या प्रमुख रहेका छन्।

"गाउँका साना बजारमा बारम्बार अनुगमन गर्नु पर्ने अवस्था हुँदैन। तथापि, समयान्तरमा सबै १९ वडामा अनुगमन पुग्ने प्रयास गरेका छौँ,"-उनले भनिन्-"साथै दर्ता नगरी सञ्चालनमा रहेका व्यवसायलाई दर्ता प्रक्रियामा ल्याउन, मूल्यसूची राख्न र उपभोक्तामैत्री अभ्यास अपनाउन सुझाव दिएका छौँ।" उप-प्रमुख अर्यालले स्थानीय सरकारले कर उठाउने मात्र नभई सेवा र सहुलियत पनि दिनुपर्ने मान्यता राख्ने बताइन्। त्यसैले पान पसल, ठेला व्यवसाय वा डोकोमा सामान बेच्ने व्यवसायीलाई समेत दर्ता प्रक्रियामा ल्याएर करको दायरामा ल्याउनुपर्नेमा जोड दिइन्।

यस्तै उप-महानगरका राजस्व शाखा प्रमुख रोशनकुमार रेग्मीका अनुसार बजार मात्रै होइन अब अन्य सेवा क्षेत्रहरू पनि अनुगमनको दायरामा ल्याउने तयारी छ। शिक्षा, स्वास्थ्य, यातायात र निर्माण क्षेत्र पनि नियमित अनुगमनले राजस्व संकलनमा पनी वृद्धि हुने लक्ष राखिएको छ। बुटवल उप-महानगरपालिकाले सञ्चालन गर्दै आएको नियमित बजार अनुगमनले व्यवसायीहरूमा सकारात्मक सुधार देखिएको अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख ठगिश्वर पोखेल बताउँछन्। अनुगमनका क्रममा कानुन तथा मापदण्डविपरीत सञ्चालन भएका पसलहरूलाई आवश्यक कारबाही र जरिवाना गरिएको छ, जसले गर्दा व्यापारीहरू कानुनप्रति सजग बन्न थालेका छन्। "अनियमितता गर्नेहरूमाथि कानुनबमोजिम कारबाही गर्दा व्यवसायीहरूमा चेतना र जिम्मेवारी बढेको छ," पोखेलले भने-"उपलब्ध तथ्यांकअनुसार, आर्थिक वर्ष २०७९/०८० देखि चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ १५ गतेसम्म उपमहानगरपालिकाले कुल ५९५ वटा व्यवसायिक एकाइहरूको अनुगमन गरेको छ।"

अनुगमन तथा मूल्यांकन शाखाका अनुसार चालू आर्थिक वर्ष २०७९/०८० मा विभिन्न क्षेत्रका २३८ ठाउँमा अनुगमन गरेको छ। नगरले ७५ वटा खाद्यान्न पसलको अनुगमन गरेको छ। सोही क्रममा अखाद्य अवस्थामा रहेको २ सय ९० केजी विभिन्न खाद्यान्न जफत गरी नष्ट गरी ४० हजार जरीवाना र आगामी दिनका लागि सचेत गराइएको छ। ५२ वटा मासु पसलमा अनुगमन गर्दा १३५ किलो मासु जफत गरी नष्ट गरिएको छ भने ४० हजार जरीवाना गराइएको छ। २६ वटा मिष्ठान्न भण्डारमा अनुगमन गर्दा १८ लिटर अखाद्य तेल र १४ किलो मिठाई, ६ पोका नमकिन र ५४ बोत्तल पेय पदार्थ जफत गरी नष्ट गरिएको छ भने ९० हजार जरीवाना गराइ सचेत पनि गराइएको छ।

४० वटा होटल तथा २५ रेष्टुरेण्टमा अनुगमन गर्दा सरसफाइमा विशेष ध्यान दिन निर्देशन गरिएको छ। १५ वटा सहकारी अनुगमन गर्दा सहकारीहरूलाई तोकिएका क्षेत्रका कृषकहरूलाई मात्र अनुदानको मल बिक्री वितरण गर्न निर्देशन दिइएको छ। ९ वटा दूध डेरीमा अनुगमन गर्दा ३१ किलो खोवा र मिठाई जफत गरी नष्ट गरिएको छ। रु.७ हजार जरीवाना गराई सचेत पनि गराइएको छ। १९ वटा चमेना गृहको अनुगमन गर्दा सरसफाइ ध्यान दिन सचेत गराइएको छ। १७ वटा फलफूल तथा तरकारी पसलमा अनुगमन गर्दा ५० किलो सडेका फलफूल जफत गरी नष्ट गरिएको छ रू १५ हजार जरीवना गराई सचेत पनि गराइएको छ।

चालू आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न क्षेत्रका १ सय ८१ ठाउँमा अनुगमन गरेको छ। नगरले ५२ वटा खाद्यान्न बिक्री पसलको अनुगमन गरेको छ। सोही क्रममा अखाद्य अवस्थामा रहेको २०० केजी खाद्यान्न जफत गरी नष्ट गरिएको र आगामी दिनका लागि सचेत गराइएको छ। २० मासु पसलमा अनुगमन गर्दा अखाद्य अवस्थामा रहेको १० किलो मासु जफत गरी नष्ट गरिएको र रु. ३० हजार जरिवाना असुल गरिएको छ। १२ वटा मिष्ठान्न भण्डारमा अनुगमन गर्दा १२ लिटर अखाद्य तेल र १० किलो मिठाइ जफत गरी नष्ट गरिएको र सचेत पनि गराइएको छ। ४९ वटा होटल तथा रेष्टुरेण्टमा अनुगमन गर्दा म्याद नाघेको चाउमिनका २० पोका जफत गरी नष्ट गरिएको साथै सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिइएको छ।

११ वटा सहकारीको अनुगमन गर्दा सहकारीहरूलाई तोकिएका क्षेत्रका कृषकहरूलाई मात्र अनुदानको मल बिक्री वितरण गर्न निर्देशन दिइएको छ। १० वटा डेरीमा १३ किलो अखाद्य पनि र जफत गरी नष्ट गरिएको र सचेत गराइएको छ। १२ वटा चमेना गृहको अनुगमन गर्दा सरसफाइमा थप ध्यान दिन निर्देशन दिइएको छ। १५ वटा फलफूल तथा तरकारी पसलमा अनुगमन गर्दा ताजा फलफूल बिक्री गर्न निर्देशन तथा सचेत गराइएको छ। २५ नदीजन्य पदार्थ चोरी निकासीमा रु. ७ लाख ८० हजार जरिवाना असुली भएको।

यसैगरी आर्थिक वर्ष ०८१/०८२ को जेठ महिनाको १५ गतेसम्म विभिन्न क्षेत्रका १ सय ७५ ठाउँमा अनुगमन गरेको सो शाखाले जनाएको छ। उपमहानगरले बुटवलका २१ वटा खाद्यान्न पसल अनुगमन गर्दा केही अखाद्य वस्तु जफत गरि नष्ट गरिएको जनाएको हो। ७२ वटा मासु पसल अनुगमन गर्दा रू. ३० हजार जरिवाना र ४५ किलो अखाद्य मासु जफत गरी नष्ट गरिएको छ।

१५ वटा मिष्ठान्न भण्डारमा अनुगमन गर्दा केही अखाद्य वस्तु जफत गरि नष्ट गरिएको छ भने व्यवसायीलाई सचेत पनि गराएको जनाएको छ। उपमहानगरले बुटवलका २४ वटा होटल तथा खाजा घरमा अनुगमन गर्दा रु. ३७ हजार जरिवाना असुली भएको तथा सरसफाइमा विशेष ध्यान दिन निर्देशन गरिएको छ। १० वटा सहकारीहरूको अनुगमन गर्दा सहकारीहरूलाई तोकिएका क्षेत्रका कृषकहरूलाई मात्र अनुदानको मल विक्री वितरण गर्न निर्देशन दिइएको छ। २२ वटा दूध डेरी अनुगमन तथा दूधको नमूना परीक्षण गर्दा दूधमा फ्याट र एसएनएफ कमजोर रहेकालाई बजार अनुगमन समितिले सचेत गराएको जनाएको छ।

५ वटा चमेना गृहको अनुगमन गर्दा सरसफाइमा थप ध्यान दिन निर्देशन दिइएको छ। ७ वटा फलफूल तथा तरकारी पसलमा अनुगमन गर्दा ताजा फलफूल बिक्री गर्न सचेत गराइएको छ। संविधानले दिएको हक र व्यवहारमा देखिएको कार्यान्वयनबीचको खाडललाई स्थानीय तहले सम्बोधन नगरेसम्म उपभोक्ताले अझैँ असुरक्षित बजारसँग जुध्नुपर्ने अवस्था रहन्छ। बजार अनुगमन केन्द्रीकृत होइन, विकेन्द्रीकृत र सहभागी बनाउनैपर्छ ताकि बुटवलको हरेक वडामा उपभोक्ताको स्वास्थ्य, सुरक्षा र अधिकारको प्रत्याभूति हुन सकोस्।

उप-महानगरभित्रका अन्य टोल, बस्ती तथा ग्रामीण भेगका बजारहरूमा पनि उपभोक्ता अधिकार, स्वच्छता र मूल्य नियन्त्रणसम्बन्धी अवस्था गम्भीर देखिन्छ। त्यसैले अबको प्राथमिकता वडास्तरीय अनुगमन संयन्त्र गठन हुनु जरूरी देखिन्छ। यसमा स्थानीय नागरिक प्रतिनिधि, स्वास्थ्य शाखाका कर्मचारी, उपभोक्ता हित संरक्षण समितिका सदस्यहरूलाई समेटी बहुपक्षीय टोली निर्माण गरिनुपर्छ। यसले स्थानीय स्तरमै हुने व्यापार व्यवसायको निगरानी गर्ने, सुधारको सिफारिस गर्ने र उपभोक्ता अधिकार सुनिश्चित गर्ने कार्यमा सकारात्मक प्रभाव पार्नेछ। बजार अनुगमनलाई समावेशी, नियमित र पारदर्शी बनाउँदै शहरसँगै गाउँ र टोल बजारमा पनि सक्रिय उपस्थिति विस्तार गर्न सके मात्रै उपमहानगरको समग्र बजार प्रणाली सुधारिने छ।

(सञ्चारिका फिचर)

### बालबालिकामा भोक नलाग्ने समस्याः

## कारण, समाधान र अभिभावकले ध्यान दिनुपर्ने कुराहरू

डा.अरुणकुमार सिंह

सानो उमेरका बालबालिकालाई भोक नलाग्ने समस्या आजको समयमा धेरैजसो नेपाली परिवारमा देखिने एक सामान्य तर गम्भीर चिन्ताको विषय बनिसकेको छ। विशेषगरी १ देखि ५ वर्ष उमेर समूहका बालबालिकामा यो समस्या बढी देखिन्छ। बच्चाले खाना देख्दा मुख बिगार्छ, दुई थुँगा खानासँगै टाढा भाग्छ वा कहिलेकाहीँ त खाली दूध वा चिप्समा मात्र रुचि देखाउँछ। यस्तो अवस्थामा अभिभावक असमञ्जसमा पर्छन्-आखिर के गरौं?

वास्तवमा, भोक नलाग्नु कुनै एक कारणको परिणाम होइन। यसको पछाडि धेरैजसो स्वास्थ्यसम्बन्धी र व्यवहारगत कारणहरू लुकेका हुन्छन्, जसलाई समयमै बुझ्न सकिएन भने बच्चाको पोषण अवस्था, वृद्धि र मानसिक विकासमा नकारात्मक असर पर्न सक्छ।

स्वास्थ्यसँग सम्बन्धित कारणहरू

सबैभन्दा पहिले, बच्चाको शरीरमा आइरनको कमी भएको छ कि छैन भन्ने बुझ्नु आवश्यक हुन्छ। आइरनको कमी हुँदा बच्चाको शरीरमा हेमोग्लोबिन बन्न सक्दैन, जसले गर्दा ऊ थकाइ महसुस गर्छ, चुपचाप बस्छ, र उसमा भोक लाग्ने प्रक्रिया स्वाभाविक रूपमा घट्छ। यो स्थिति विशेषगरी ती बच्चामा देखिन्छ, जसले मासु, सागसब्जी, चना वा दाल नियमित खाँदैनन्।

त्यस्तै बच्चाको मुखमा छाला (अल्सर) देखिनु पनि अर्को मुख्य



कारण हो। जब बच्चाको मुखभित्र घाउ हुन्छ, ऊ बोल्न, निल्न वा चपाउन असहज महसुस गर्छ। खासगरी २ वर्षमुनिका बच्चाले यो कुरा व्यक्त गर्न सक्दैनन्। यस्तो अवस्थामा बच्चाको मुहारमा असहजता देखिन्छ, तर अभिभावकले बुझ्न सक्दैनन्। त्यसैले समय-समयमा मुखको निरीक्षण गर्न आवश्यक हुन्छ।

पेटमा किराको समस्या बालबालिकामा धेरै सामान्य छ। यदि पेट सफा छैन भने बच्चाले भोक महसुस गर्दैन। राष्ट्रिय स्वास्थ्य निर्देशिका अनुसार हरेक ६ महिनामा किरा हटाउने औषधि गरिनु आवश्यक हुन्छ।

किरा हटाउने औषधि दिएन भने बच्चा कुपोषणको उच्च जोखिममा पर्न सक्छ। साथै, रुघा, खोकी, ज्वरो वा गला दुख्ने अवस्थाहरूमा पनि बच्चाले खाना खान रुचाउँदैन। यस्तो अवस्थामा खानाका लागि जबरजस्ती गर्नु बच्चाको मानसिकतामा नकारात्मक प्रभाव पार्न सक्छ। उसले ठीक भएपछि पनि त्यही खाना हेर्दा झस्किने अवस्था आउन सक्छ।

व्यवहारगत कारणहरू

आजकल धेरै अभिभावक मोबाइल वा टेलिभिजन देखाएर बच्चालाई खाना खुवाउने गर्छन्। देख्दा सजिलो लागे पनि यसले बच्चाको भोक महसुस गर्ने प्राकृतिक प्रणालीलाई विघटन गर्छ। बच्चालाई थाहा नै हुँदैन ऊ साँच्चिकै भोकाएको हो कि होइन। यस्तो आदतले दीर्घकालीन रूपमा उसको पाचन प्रणाली र खानप्रतिको दृष्टिकोण दुवैमा असर पार्न सक्छ।

अर्को व्यवहारगत समस्या हो–तीन बेला खाने समयबाहेक पनि बच्चालाई बारम्बार दूध, चिप्स, जुस वा चिनीजन्य खानेकुरा दिइरहनु। पेटभरि यी खानेकुरा पुगेपछि बच्चाले खाना नखानु स्वाभाविकै हो। बच्चाले असन्तुलित खाना खाइरहेको अवस्थामा उसले सन्तुलित भोजनप्रति रुचि गुमाउँछ।

धेरै पटक देखिन्छ, बच्चा भाइरल संक्रमणको कारण एन्टिबायोटिक औषधि लिइरहेको हुन्छ। अत्यधिक वा अनावश्यक एन्टिबायोटिकले पेटमा ग्यास, अपच र असहजता उत्पन्न गर्छ, जसको असर भोकमा पर्छ।

**के गर्ने त ?**

बच्चालाई भोक लाग्न दिनुहोस्–खाली पेट भएपछिको भोक प्राकृतिक र गहिरो हुन्छ।

खाना विविध बनाउनुहोस्–रोजरोटीभन्दा बाहिर निस्किएर नयाँ स्वाद दिनुहोस्।

फलफूल, सागसब्जी, दाल र अनाजलाई नियमित रूपमा खानामा समावेश गर्नुहोस्।

मोबाइल वा टिभीबाट टाढा राखेर खानाको संस्कार विकास गराउनुहोस्।

बच्चाको नियमित रूपमा वजन र वृद्धि हेर्नुहोस्–पोषण अवस्था बुझ्न सहज हुन्छ।

बच्चाले खान छोड्न थालेको केही दिनमै बालरोग विशेषज्ञसँग सल्लाह लिनुहोस्।

भोक नलाग्नु बच्चाको शारीरिक वा मानसिक कमजोरीको संकेत हो। साना उमेरमा भोक नलाग्ने समस्या समाधान गर्न सकिएन भने त्यसले दीर्घकालीन असर पार्न सक्छ–कमजोर शारीरिक बनावट, सुस्त मस्तिष्क विकास, र रोगप्रतिको कम प्रतिरोध क्षमता।

अभिभावकले बच्चाको साना संकेत बुझ्न सक्नुपर्छ–उनीहरूको नबोलेको कुरालाई महसुस गर्न सक्नु पर्छ। सही समय, सही खानपान र सही दृष्टिकोण अपनाउन सके, तपाईंको बच्चा फेरि रमाइलो गरी खान थाल्नेछ।

# इन्धन खर्चको विषय ‘तथ्यहिन’

गुल्मी। पछिल्ला केही दिनयता गुल्मीको मुसिकोट नगरपालिकाका मेयर जीवलाल खरेल ( जीवन ) लाई लक्षित गर्दै नेकपाली कांग्रेसबाट निर्वाचित एक वडाध्यक्षलगायतले सामाजिक सञ्जालमा एक पत्रसहित मेयरले एकै दिन ५४० लिट इन्धन खर्च गरेको विषयलाई त्यस नगरपालिकाले ‘तथ्ययहिन हल्ला’ भनेको छ। शनिबार पत्रकार सम्मेलन गरी त्यस पालिकाले यस्तो भनेको हो।

‘हामीलाई जनमानसमा भ्रम सिर्जना गराउने प्रयाससहित सामाजिक सञ्जालमा आधारहिन विषय पोष्ट गरियो। त्यसको जवाफ हामी सामाजिक सञ्जालबाट दिन चाहेनौ र सिंगो नगरपालिकाको आधिकारिक धारणा राख्दै उक्त भ्रम चिर्न पत्रकार सम्मेलनको आयोजना गरिएको हो।’-मेयर खरेलले भने।

पत्रकार सम्मेलनमा त्यस पालिकाले सवारी साधन प्रयोग र इन्धन खर्चका विषयमा उठाइएका प्रश्नहरूलाई समेत नगरपालिकाले तथ्यसहित खण्डन गरेको छ। मुसिकोट नगरपालिकासँग एक सरकारी गाडी रहेको बताउँदै नगरप्रमुख जीवलाल खरेल (जीवन)ले कार्यालयको आवश्यकता अनुसार गाडी भाडामा लिइनु मितव्ययी अभ्यास नै भएको उल्लेख गरेका छन्।

उनले नगरपालिकाले आफ्ना जनप्रतिनिधि, कर्मचारी र स्वयंसेवकहरू निरन्तर सेवा प्रवाहमा खटिरहे पनि अनावश्यक मानमर्दन गर्ने नियतका हल्लाहरू सामाजिक सञ्जालमा फैलिएको बताए। यस नगरले विभिन्न पूर्वाधार, सामाजिक, आर्थिक र वातावरणीय योजनाहरूमा उल्लेखनीय उपलब्धि हासिल गर्दै आएको र हाल नीति तथा बजेट निर्माणको चरणमा रहेको बेला असंगत र तथ्यहीन आलोचनाहरू आएकोमा नगरप्रमुख खरेलले दुःख व्यक्त गरे। आफूहरु नगरवासीको सेवामा समर्पित रहेकाले यस्ता सामाजिक सञ्जालमा आएका झुटा प्रचारबाट विचलित नहुने बताउँदै उनले तथ्यहीन टिप्पणीको पछि नलाग्न सबै नगरवासीलाई आग्रह समेत गरेका छन्।

नगरप्रमुख खरेलले एकै दिन ५ सय ४० लिटर (डिजेल) इन्धन सवारीमा प्रयोग गरेको भन्दै सामाजिक सञ्जालमा आलोचना भएको थियो। इन्धन दुरुपयोगका विषयमा नेपाली कांग्रेसबाट विजयी वडा नम्बर -२ का वडाध्यक्ष रवीन्द्र केसीले आफ्नो फेसबुकमा पोस्ट गरेका थिए। उनले नगरबाट स्वीकृत नलिई मोटरबाटो डोजर लगाएर सोहर्ने काम गरेको र प्राविधिक स्टुमेटले उनले मागे जति रकम पालिकाले दिन नमानेपछि नगरसभाको मुखमा कर्मचारीहरुलाई दबाब दिइ उक्त इन्धनको पत्र फेसबुकमा पोष्ट गरे लगत्तै अधिकांश कांग्रेसजनले त्यसरी नै पोष्ट गर्दै मेयरविरुद्ध खनिएको श्रोतले बताएको छ।

उक्त विषय बाहिर आएपछि नगरपालिकामा हंगामा नै मच्चिएको थियो। त्यस विषयलाई लिएर नगरवासीदेखि देश विदेशमा नगरप्रमुख र नगरपालिकामा जनप्रतिनिधिबाटै लुटतन्त्र भएको भन्दै व्यापक आलोचना भएको थियो।

नगरपालिकाभित्र आवश्यक कामका लागि प्रयोग गरिएको इन्धनको विवरण महालेखा नियन्त्रकको कार्यालयबाट सञ्चालित सार्वजानिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि भएपछि मात्रै इन्धन उपलब्ध गराउनु पर्ने प्रावधान रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीले बताए। चालू आर्थिक वर्षको साउन १ गतेदेखि असोज १० गतेसम्म ५ सय ४० लिटर (डिजेल) इन्धन प्रयोग भएको, तर उक्त प्रणाली प्राविधिक कारणले सञ्चालन नहुँदा असोज १० गते एकैदिन प्रविष्टि गरिएको प्रमुख प्रशासकीय अधिकृत गिरीले दाबी गरे। सार्वजानिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि नहुँदा कर्मचारीबाट पनि केही मानवीय त्रृटि भएको उनले स्वीकार गरे।

नगरपालिकाको कामका लागि अन्य सवारी आवश्यक परेमा भाडामा लिएर काम गर्दै आइरहेको उल्लेख प्रशासकीय अधिकृत गिरीले गाडी र इन्धन प्रयोगसम्बन्धी विवरण नियमानुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरिंदै आएको बताए। नयाँ गाडी खरिद गर्दा लाग्ने खर्च र त्यससँग सम्बन्धित मर्मत, चालकको तलब र इन्धन खर्च उच्च हुने भएकाले गाडी भाडामा लिएर काम गर्नु बचतको उपाय रहेको नगरपालिकाले जनाएको छ।

नगपालिकाले शनिबार नै नगर प्रवक्ता हरिहर सापकोटाद्वारा हस्ताक्षरित एक प्रेस विज्ञप्ति नै सार्वजानिक गरेको छ। नगर प्रवक्ता सापकोटाले सामाजिक सञ्जालमा तथ्य बङ्गयाएर भ्रम फैलाउने उद्देश्यप्रति गम्भीर आपत्ति जनाउँदै वास्तविक जानकारी सार्वजनिक गरेका हुन्। सापकोटाले एक पदाधिकारीले एकै दिन फरक-फरक स्थानमा गाडी प्रयोग गरेको आरोप पनि तथ्यहीन भएको बताएका छन्। उक्त सवारी सिफारिसका आधारमा अन्य कर्मचारी वा जनप्रतिनिधिका लागि प्रयोग गरिएको हो भन्ने प्रेस विज्ञप्तिमा प्रष्ट पारिएको छ। सापकोटाले नगरप्रमुख वा अन्य पदाधिकारीले गाडीको व्यक्तिगत प्रयोग मात्र गरेको भन्ने आरोपलाई अस्वीकार गर्दै सवारी सिफारिसका आधारमा अन्य शाखा वा कर्मचारीहरूद्वारा प्रयोग गरिएको स्पष्ट पारेका थिए। नगरपालिकाले देश-विदेशमा रहेका नगरवासी, शुभेच्छुक, सञ्चारकर्मी तथा सकारात्मक सन्देश प्रवाह गर्ने प्रेस समुदायप्रति आभार समेत प्रकट गरेको छ।

---

### एमालेलाई...

उनले आफ्नो कुनै ठूलो महत्वकांक्षा नरहेको पनि बताइन्।

‘देश र जनताको हित नै मेरो ध्येय र लक्ष्य हो। जननेताले भन्ने गर्नुहुन्थ्यो– जनता भनेका भगवान हुन्। साथै उहाँले भन्नुभएको थियो– राजनीतिमा थकाई भन्ने शब्दावली हुँदैन,’ उनले भावुक सम्बोधन गर्दै भनिन्, ‘आज तपाईँहरूका बिचमा हुँदा मदनका यी भनाइहरू मैले पुनःस्मरण गर्दै यहाँ उल्लेख गरेको छु।’ उनले यी भनाइलाई आदर्श मानेर समर्पित बनिरहेको भन्दै उनले भनेकी छिन्-‘राजनीतिक यात्रामा आजका दिनसम्म आइपुग्दा मलाई राजनीतिक उतारचढावले धेरै कुरा सिकाएका छन्, बुझाएका छन् र थप परिपक्व समेत बनाएका छन्।’

भण्डारी आफ्ना पति समेत रहेका स्व.नेता मदन भण्डारीलाई सम्झेर बोल्ने क्रममा भावुक बनेकी थिइन्।

सो कार्यक्रममा सुरुमै बोलेका प्रधानमन्त्री ओलीले पार्टी एकजुट भएको भन्दै भ्रममा नपर्न आग्रह गरेका छन्।

ओलीले एमाले विभाजित हुने कुनै सम्भावना नरहेको जिकिर गरेका छन्।

‘सम्माननीय पूर्वराष्ट्रपतिज्यूले मेरा पनि कुरा सुन्नुहोस् न भन्नुहुन्थ्यो’ ओलीले भने-‘तपाईं राम्रै बोल्नुहुन्छ भन्ने मलाई थाहा छँदैछ। आज मात्रै सुन्नुपर्ने होइन, उहिल्यैदेखि सुन्दै आएको हो।’

उनले भण्डारीले कहिल्यै पनि नराम्रो नबोल्ने भन्दै आज पनि के बोल्ने भन्ने आफूलाई थाहा भएको सुनाए।

‘सुन्दै आएको छु। राम्रो बोल्नुहुन्छ, थाहा छ। नराम्रो कहिल्यै बोल्नुहुन्न। मलाई थाहा छ- के बोल्नुहुन्छ। त्यसो भएर मैले सुन्न बसिरहनु पर्दैन।’- प्रधानमन्त्री ओलीले भने।

### नेतृत्वबारे...

जसले भत्काउँछ, इमोसनल भाषामा भन्ने हो भने त्यो धर्म विरोधी हो।’

उनले पार्टी केन्द्रीय कमिटीमा छलफल हुँदै विधान अधिवेशनसम्म पुग्ने कुरालाई स्वीकार गर्नुपर्ने बताए।

‘अहिले एमालेभित्र यही विषयमा छलफल चल्न खोजेको हो। बेलाको कुरा हो, बेलाको कुरामा चल्छ नि कुरो। विधान महाधिवेशनको सिस्टम के हो भने, केन्द्रीय कमिटीमा छलफल हुन्छ। तल जान्छ,’ पोखरेलले भने-‘त्यहाँबाट सुझाव आउँछ। विधान महाधिवेशनमा छलफलपछि अन्तिम निचोडमा पुगिन्छ। विधान महाधिवेशन गर्ने भनेपछि आफ्नै सुप्रिमेसी छ।’

जनतामा स्थापित परिचित नेतृत्वको पंक्तिमा खोज्नुपर्ने उनले बताए। ‘यदी त्यो ठाउँमा भेटिएन भने पार्टी केबल झण्डामा हुँदैन। नेताको अनुहारमा मात्रै हुँदैन। जनतामा स्थापित नेतृत्वपंक्तिमा हुन्छ पार्टी।’- उनले भने।

आफ्नो पार्टी ठूलो भएकाले ठूलै सोंचविचार गरेर अघि बढ्ने उनले बताए।

---

# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड

NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलान्चोक

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना :-

प्रकाशित मिति २०८२/०३/१५

यस नेशनल लघुवित्त वित्तीय संस्था लि. को तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी बिभिन्न शाखा कार्यालयहरुबाट कर्जा कारोबार गरी यस वित्तीय संस्थासंगको सर्त कबुलियत बमोजिम समय समयमा कर्जाहरुको सावां ब्याज बुझाउनु पर्नेमा विगत लामो समयदेखि कर्जाको (सावां व्याज) तिर्न आलटाल गरेको, सो सम्वन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तर ताकेता गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको, ऋण कर्जा सम्वन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले तपशिलमा उल्लेखित ऋणी तथा साक्षी /धनजमानीकर्ताहरुलाई ३५ दिनभित्र सम्बन्धित शाखा कार्यालयमा सर्म्पक गरी कर्जा चुक्ता भुक्तान गर्नका लागि जानकारी गराइन्छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाको शाखा कार्यालयमा सम्पर्क राखी यस संस्थाबाट लिएको सम्पूर्ण सांवा ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उप दफा ११ अनुसार ऋणी तथा ब्यक्तिगत धन जमानीकर्ताको तिन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचिमा नाम समावेश गरिने, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतीबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत ऋणी जमानीकर्ता तथा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

| क्र.स | शाखाको नाम | ऋणिको नाम | ठेगाना नागरिकता अनुसार | नागरिकता नं. | पिता /श्रीमानको नाम | हजुर बुवा/ससुराको नाम | धितोको विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | हकुई, नवलपरासी | सुशिला चौहान | कुश्मा-९ | ३६-०१-७०-१४२८१ | पंकज कुमार चौहन (लोनिया) | बेचुलाल लानिया | धितो जमानी |
| २ | हकुई, नवलपरासी | कमलेश (शर्मा)वढई | त्रि.सु | ३६१०४८/१९९ | राम प्र.शर्मा वर्ढइ | इश्वरी शर्मा | समुह जमानी |
| ३ | हकुई, नवलपरासी | मिना कुमारी चौधरी | ठु.खै -४ | ३६३०४९/२६६ | हसई चमार | सरन चमार | समुह जमानी |
| ४ | हकुई, नवलपरासी | गणेस चमार (हरिजन) | रामग्रम -४ | ३६-०१-६९-००३२७ | राम केश पासी | रतन | समुह जमानी |
| ५ | हकुई, नवलपरासी | सुनिता गुप्ता (तेली) | रामग्रम -३ | ३६३०६९/१८२ | अशोक कु.तेली | राम सरन तेली | समुह जमानी |
| ६ | हकुई, नवलपरासी | राकेश यादव | तिलकपुर-५ | ३६-०१-६९-०१४२१ | निर्मल प्रसाद यादव | राम ललित यादव | धितो जमानी |
| ७ | हकुई, नवलपरासी | सरिता देवी कुर्मी | रामपुवा-९ | ४८४४ | अवदेश कुर्मी | मोती कुर्मी | समुह जमानी |
| ८ | हकुई, नवलपरासी | छागुर राजभर | स्वाठी -८ | ५५८७५ | छेदी भर | घिसियावन राजभर | धितो जमानी |
| ९ | हकुई, नवलपरासी | रागिनी पटेल | पाल्हीनन्दन-१ | ३६-०१-७४-०३६४० | दिपेन्द्र पटेल | राम हरख दास पटनवार | समुह जमानी |
| १० | हकुई, नवलपरासी | निरन्जन प्रसाद गुप्ता | देवगाव-३ | ३६३०६४/५५ | तुलसी तेली | फागु गुप्ता | समुह जमानी |
| ११ | हकुई, नवलपरासी | प्रभुलाल कोइरी | रामग्रम-७ | ६८४४३ | चनरभान कोइरी | केवल कोइरी | समुह जमानी |
| १२ | हकुई, नवलपरासी | विन्दा देवी चमार | रामपुवा-१ | ३२१०५३/१३ | उत्री चमार | पियारे चमार | समुह जमानी |
| १३ | हकुई, नवलपरासी | कमला देवी कहार | पाल्ही -२ | १/३६९ | राधेश्याम कहांर | छब्बीलाल कहांर | समुह जमानी |
| १४ | हकुई, नवलपरासी | सुंर्ज कुमारी कामी | रामग्रम-७ | ३६१०६९/१०८७ | काले लोहार | सेठइ लोहार | समुह जमानी |
| १५ | हकुई, नवलपरासी | उषा देवी बनिया | देवगाव -४ | ३०३०६४/१०२ | जगदिश बनियां | इशरी बनिया | समुह जमानी |
| १६ | हकुई, नवलपरासी | किनका यादव | देवगाव -५ | ३६३०६४/१६५ | रामचन्द्र अहिर | हरि शरादत अहिर | समुह जमानी |
| १७ | हकुई, नवलपरासी | अजय कुमार कायस्थ कर्ण | हरपुर -७ | ४३७८ | बद्रीलाल कायस्थ | पृतम लाल कर्ण | समुह जमानी |
| १८ | हकुई, नवलपरासी | अमरजित अहिर | हकुई-२ | ६३७७४ | रामनयन अहिर | श्यामलाल अहिर | समुह जमानी |
| १९ | हकुई, नवलपरासी | रविन्द्र गुप्ता | सुर्कौली -६ | ३६-०१-७०-०९३५९ | इन्द्रेश गुप्ता | महादेव तेली | समुह जमानी |
| २० | हकुई, नवलपरासी | ज्ञान्ती अहिर | देवगाव-५ | ४१५६९ | विश्वनाथ अहिर | नन्दकिसोर अहिर | समुह जमानी |
| २१ | हकुई, नवलपरासी | बैजनाथ अग्रहरी (वनिया) | वंजरिया -७ | ६१४०३ | रामचन्द्र वनिया | विश्वनाथ अग्रहरी | समुह जमानी |
| २२ | हकुई, नवलपरासी | बेगम हरिजन | रामग्रम-१ | ८२४०२ | हरिलाल चमार | भोलहु चमार | समुह जमानी |
| २३ | हकुई, नवलपरासी | सोनिता कुमारी यादव | सुर्कौली -६ | ३६३०७१/४९५ | रामानन्द यादव | मोहर यादव | समुह जमानी |
| २४ | हकुई, नवलपरासी | वुधनी देवी हरिजन | देवगाव -५ | ८५९१५ | रमेश हरिजन | सिता राम हरिजन | समुह जमानी |
| २५ | हकुई, नवलपरासी | गंगाजला अहिर | देवगाव -५ | ३६३०६४/४०२ | मनोहर अहिर | श्री ईसरी अहिर | समुह जमानी |
| २६ | हकुई, नवलपरासी | धरमी देवी हरीजन | गेरमी-८ | ३६३०६५/८९ | कुरेश चमार | पारु चमार | समुह जमानी |
| २७ | हकुई, नवलपरासी | श्रृजना कुमारी चौधरी | वंजरिया -८ | ३७३०३४/१०८ | भुनेश्वर चौधरी | भिम नारायण थारु | समुह जमानी |
| २८ | हकुई, नवलपरासी | सन्देवी पासी | हकुई-८ | ३६३०७०/६६ | त्रिपुरारी पासी | शिवचरन पासी | समुह जमानी |
| २९ | हकुई, नवलपरासी | सलेहा निसा | हकुई-८ | ३६१०७०/४ | सहवान देवान | सैफुल्ला देवान | समुह जमानी |
| ३० | हकुई, नवलपरासी | फुल कुमारी वि.क. | सनई -४ | ७६६४४ | राजेन्द्र लोहार | सुरत लोहार | समुह जमानी |
| ३१ | हकुई, नवलपरासी | साजिदा खातुन | हरपुर-३ | ३६-०१-७०-०६८०० | सहावुद्दीन जोलहा | तुफयल जोल्हा | समुह जमानी |
| ३२ | हकुई, नवलपरासी | कुसमावत चमार | रमपुवा -१ | ३६३०५३/५६० | जवाहिर चमार | प्रसाद चमार | समुह जमानी |
| ३३ | हकुई, नवलपरासी | कमला गुरुङ्ग | माकर-२ | ४८८७६ | विर वहादुर खत्री | नर वहादुर खत्री | समुह जमानी |
| ३४ | हकुई, नवलपरासी | दुर्गावती कहार | पाल्हीनन्दन-५ | ३६-०१-७४-०८०७७ | नरेश कहार | हरिकहार | समुह जमानी |
| ३५ | हकुई, नवलपरासी | दुधनाथ दुसाध | रामग्रम-२ | ४६७४५ | राजाराम दुसाध | फौदार दुसाध | धितो जमानी |
| ३६ | हकुई, नवलपरासी | सरिता कुमारी बढैन | गेरमी-९ | ३६-०१-७२-०७९३७ | वृदेश्वर कुमार शर्मा | सुर्य नारायण बढै | धितो जमानी |
| ३७ | कोपुवा, कपिलवस्तु | सुधीर कुमार गिरी | कजरहवा -९ कपिलवस्तु | ३/१२/७३५७२ | धनेश्वर गिरी | राम गिरी | सामुहिक जमानी |
| ३८ | खैरेनी, रुपन्देही | लक्ष्मी देवी शर्मा | देवीनगर २ रुपन्देही | १११ | खुक राज पाठक | ध्रुवनारन पाठक | समुह जमानी |
| ३९ | खैरेनी, रुपन्देही | शान्ता कुमारी वम्लेल | देउराली ८ पाल्पा | ३९२०७ | प्रेम वहादुर सार्की | टिका वहादुर सार्की | समुह जमानी |
| ४० | खैरेनी, रुपन्देही | मोना कुमारी दर्जी | देवदह २ रुपन्देही | ३७-०२-७३-०५६६१ | विनोद दर्जी | किस्मत वहादुर दर्जी | समुह जमानी |
| ४१ | खैरेनी, रुपन्देही | हरिमाया नेगी | केरवानी ४ रुपन्देही | ३८/२५८५६ | मिन बहादुर तामाङ्ग | पालदोर्जे तामाङ्ग | समुह जमानी |
| ४२ | खैरेनी, रुपन्देही | पुष्पा गुरुङ | सुनवल १ नवलपरासी | ५७८०० | लिला बहादुर थापा | पूर्ण वहादुर थापा | समुह जमानी |
| ४३ | खैरेनी, रुपन्देही | मङ्गला परियार | केरबानी ४ रुपन्देही | ३७१००२/१/२३७४८ | सुरज राना मगर | जित वहादुर राना मगर | समुह जमानी |
| ४४ | खैरेनी, रुपन्देही | लक्ष्मी लम्साल | मध्यविन्दु ८ नवलपरासी | ३६२०७५/७७२ | गोबिन्द पंगेनी | दुर्गा प्रसाद पंगेनी | समुह जमानी |
| ४५ | खैरेनी, रुपन्देही | निरु खवास | सुनवल ६ नवलपरासी | ३६१०३८ | नरेन्द्र बहादुर खवास | राम किसुन खवास | समुह जमानी |
| ४६ | खैरेनी, रुपन्देही | खगेश्वरी थापा | सुनवल ३ नवलपरासी | ७९३८१ | गणेश राना | तिल वहादुर राना | समुह जमानी |
| ४७ | खैरेनी, रुपन्देही | राधा सार्की | देवदह २ रुपन्देही | ३७-०२-७२-०६२४४ | विनोद सार्की | डण्ड बहादुर सार्की | समुह जमानी |
| ४८ | खैरेनी, रुपन्देही | सुरज पाठक | तिनदो बाटो ५ स्याङ्जा | ४२३०३०/४६९ | टिकाराम पाठक | राजाखर पाठक | समुह जमानी |
| ४९ | खैरेनी, रुपन्देही | पार्वती परियार | देवदह ६ रुपन्देही | ३७३००३/१२१९ | खेम वहादुर दर्जि | वेल वहादुर दर्जि | समुह जमानी |
| ५० | खैरेनी, रुपन्देही | सरिता वुढापृथी | देवदह २ रुपन्देही | ३७२०२४/४८४८० | गणेश मान सुनाम | निर्मल दमाई | समुह जमानी |
| ५१ | खैरेनी, रुपन्देही | मिना देवी सापकोटा | सुनवल ४ नवलपरासी | १०२१८ | चेत प्रसाद सापकोटा | भवानी शंकर सापकोटा | धितो जमानी |
| ५२ | खैरेनी, रुपन्देही | राधा कुमारी राना | देवदह २ रुपन्देही | २०२३६ | कुमार सिंह थापा | ईमान सिंह थापा मगर | समुह जमानी |
| ५३ | खैरेनी, रुपन्देही | पुष्पा भण्डारी | देवदह ८ रुपन्देही | ३७-०२-७१-१३२१३ | सुरज भुषाल | वसन्त प्रसाद जैसी भुषाल | समुह जमानी |
| ५४ | खैरेनी, रुपन्देही | टिका ढकाल भट्टराई | रामग्राम १८ नवलपरासी | ३६-०१-७५-०११८५ | होमनाथ भट्टराई | भीमलाल भट्टराई | समुह जमानी |
| ५५ | खैरेनी, रुपन्देही | सुन माया वि.क | देउराली ४ नवलपरासी | ३३६५७ | जित बहादुर सुनार | सुर्य बहादुर सुनार | समुह जमानी |
| ५६ | खैरेनी, रुपन्देही | लक्ष्मी गौतम | देवदह १ रुपन्देही | २४३६५ | जीवन ज्ञवाली | गिरीराज ज्ञवाली | समुह जमानी |
| ५७ | खैरेनी, रुपन्देही | श्रीधरा कुमारी सुनार | केरवानी ४ रुपन्देही | ३/४८५७ | पुर्ण वहादुर सुनार | यम वहादुर सुनार | समुह जमानी |
| ५८ | खैरेनी, रुपन्देही | नर बहादुर घर्ति | सुस्ता २ नवलपरासी | ४७१ | चन्द्र बहादुर घर्ति | शशिधर घर्ति | धितो जमानी |
| ५९ | खैरेनी, रुपन्देही | सिता सार्की | सुनवल १० नवलपरासी | ३६-०१-७२-०३४६९ | दान बहादुर सार्की | धन बहादुर सार्की | समुह जमानी |
| ६० | खैरेनी, रुपन्देही | गायत्री गुरुङ्ग | प्रगतिनगर ४ नवलपरासी | ९/५१४२२८ | ओम बहादुर गुरुङ्ग | टेक बहादुर गुरुङ्ग | समुह जमानी |
| ६१ | खैरेनी, रुपन्देही | हरिमाया थापा मगर | देवदह ५ रुपन्देही | ३७३००३/९०६ | विनोद थापा मगर | ओम प्रकाश थापा मगर | समुह जमानी |
| ६२ | खैरेनी, रुपन्देही | राज कुमारी कवर | सुनवल ५ नवलपरासी | ५०५१४ | रामनाथ कवर | पुरन नाथ कवर | समुह जमानी |
| ६३ | खैरेनी, रुपन्देही | जानुका पाण्डे | सुनवल १ नवलपरासी | ४१३०२९/६३ | रेश्मीराज पाण्डे | जीवलाल पाण्डे | समुह जमानी |
| ६४ | खैरेनी, रुपन्देही | कु. रिता पौडेल | लक्ष्मीपुर ६ कञ्चनपुर | १७९०/०४४ | लक्ष्मण उपाध्याय | मती प्रसाद पाध्या | समुह जमानी |
| ६५ | खैरेनी, रुपन्देही | बिमला बश्याल | केरवानी ७ रुपन्देही | ३७३००२/७५९ | हिम लाल बस्याल | पिताम्वर वस्याल | समुह जमानी |
| ६६ | खैरेनी, रुपन्देही | धना पौडेल | केरवानी २ रुपन्देही | ३७-०१-६९-०४८१३ | बोध वहादुर पौडेल | जयलाल पौडेल | समुह जमानी |
| ६७ | खैरेनी, रुपन्देही | रेखा नेपाली सार्की | देवदह २ रुपन्देही | ३७-०२-७४-०७२०१ | दिलिप नेपाली | डण्डे सार्की | समुह जमानी |
| ६८ | खैरेनी, रुपन्देही | पोमा कुमारी खत्री क्षेत्री | माकर ९ नवलपरासी | ३६१०५५/१३८५ | भोज वहादुर खत्री क्षेत्री | मान बहादुर खत्रि | धितो जमानी |
| ६९ | खैरेनी,रुपन्देही | करुणा गुरुङ्ग | देवदह २ रुपन्देही | ३७-०२-७०-०६१५० | भुपाल गुरुङ्ग | नरविर गुरुङ्ग | समुह जमानी |

# कच्चा पदार्थको झन्झटले बन्द हुँदै इट्टा उद्योग

भैरहवा । इट्टा उद्योगीहरुले माटो र भस्कटको झन्झटिलो व्यवस्थाका कारण उद्योग नै बन्द हुँदै गएको बताएका छन् । इट्टा उद्योगीहरु कोभिडयता दिनानुदिन मारमा पर्दै गरेको कारण रुपन्देहीमा अहिले ५२ वटा उद्योगमध्ये २९ वटा मात्र सञ्चालनमा आएको बताए ।

लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ रुपन्देहीको २६औं वार्षिक साधारणसभा तथा १२औं अधिवेशनमा बोल्दै उद्योगीहरुले २ हजार करोड बढी लगानी रुपन्देहीको इट्टा व्यवसायीहरुले गरेता पनि उद्योग ओझेलमा पर्दै गएको बताए । २९ वटा उद्योग सञ्चालनमा भए पनि यो वर्ष २२ वटा उद्योगले मात्रै इट्टा उत्पादन गरेका छन् ।

राज्यले अहिले संरक्षण गर्नुको साटो झन दुःख दिएकोले उद्योगहरु संकटग्रस्त अवस्थामा रहेको उनीहरुले बताएका छन् ।

आत्मनिर्भर उद्योगको रुपमा रहेको इट्टा उद्योगहरुको भविश्य संकटबाट जोगाउन स्थानीय सरकारले पनि मुख्य कच्चा पदार्थ माटो र भस्कटमा सहजीकरण गरी बैंकको ऋण भुक्तानीमा केही सहुलियत दिन व्यवसायीहरुले सरकारसँग आग्रह गरे ।

इट्टा उद्योगमा प्रयोग हुने कोइलाको भाउ दोब्बर वृद्धि हुँदा उत्पादन लागत बढे पनि विगतको भन्दा कम मूल्यमा इट्टा बेच्नुपर्ने बाध्यता रहेको उनीहरुले उल्लेख गरे । कार्यक्रममा लुम्बिनी इट्टा उद्योग व्यवसायी संघका अध्यक्ष अजयकुमार गुप्ताले मागमा अत्याधिक कमी आउँदा इट्टा उद्योगहरु हाल संकटग्रस्त अवस्थामा रहेको बताए । सञ्चालित यी उद्योगहरुको वार्षिक इट्टा उत्पादनमा ५० देखि ६० प्रतिशतसम्म कमी आएको उनले जनाए ।

उनले हाल गाउँपालिका तथा नगरपालिकास्तरमा हुने निर्माण कार्यहरुमा अव्यहारिक कंक्रिट ढलान एवं मापदण्डविपरीत बोल्डरटको प्रयोग हुने गरेकोले स्थानीय निकायहरुबाट निर्माण कार्यलाई दिगो एवं गुणस्तरीय बनाउन निर्माण कार्यमा इट्टाको प्रयोगलाई प्राथमिकता दिन आवश्यक रहेको बताए ।

पालिकाहरुले माटो उत्खनन् तथा ढुवानीमा रोक लगाउँदा इट्टा उद्योगहरुले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने माटो तथा भस्कट आपूर्तिमा समस्याका कारण इट्टा उत्पादनमा विगतका वर्षहरु कमी आएको, देशमा आर्थिक तरलताको अभावले गर्दा उपभोक्तामा निराशा छाएको कारण एवं देशमै समग्र विकास निर्माणको कार्यमा सुस्तता आएकोले इट्टाको मागमा व्यापक कमी आएको, मजदुर विदेश पलायन भइरहेको, कच्चा पदार्थको रुपमा रहेको माटो, भस्कट, डिजल मजदुरको ज्याला विभिन्न माध्यमबाट लगाइएको अव्यहारिक एवं अधिकतम करहरुले इट्टाको लागत मूल्य वृद्धि हुनु, तर इट्टाको माग कम भएकाले न्यूनतम लागत मूल्य उद्योगले नपाउँदा उद्योगहरु धराशायी हुने क्रम रहेका उनले बताए ।

इट्टा बिक्री वितरणको क्रममा ढुवानीमा लोड गर्ने क्षमता देखाएर विभिन्न बहानामा ट्राफिक प्रहरीबाट समस्या भइरहेको उनले जनाए ।

जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंको प्रमुख अतिथ्यतामा भएको कार्यक्रमको सञ्चालन महासचिव दीपक पौडेलले गरेका थिए ।

संघले साधारणसभाको अवसरमा उत्कृष्ट उद्योगी, कर्मचारी र पत्रकारलाई समेत सम्मान गरेको छ ।

# माधवमाथि षड्यन्त्र : मेटमणि

बुटवल । नेकपा एकीकृत समाजवादीका उप-महासचिव मेटमणि चौधरीले पार्टी अध्यक्ष माधवकुमार नेपालमाथि विरोधीहरुले षड्यन्त्र गरेर मुद्दा चलाएको दाबी गर्दै डटेर सामना गर्न कार्यकर्तालाई आग्रह गरेका छन् । नेकपा एकीकृत समाजवादी निकट युवा संघ नेपाल लुम्बिनी र रुपन्देहीको संयुक्त भेलालाई शनिबार रुपन्देहीको तिलोत्तमामा सम्बोधन गर्दै उप-महासचिव चौधरीले माधव नेपाल पनि केपी ओली र अन्य नेता जस्तै हो भन्ने जबरजस्ती स्थापित गर्न षडयन्त्रपूर्वक पतञ्जलीको विषयमा मुद्दा चलाएको बताए ।

अख्तियार आफैंले तामेलीमा राखिसकेको विषयलाई प्रतिशोधकै कारण ब्यूँत्याउने काम भएको उनको टिप्पणी छ । तत्कालिन समयमा नेकपा एकिकृत समाजवादी पार्टी निर्माणका बेलामा बालुवाटार र ललिता निवासमा जोडेर बदनाम गराउन खोजेको स्मरण गर्दै उनले अहिले जबर्जस्ती माधव नेपालमाथि प्रहार गरिएको जनाए ।

'अख्तियारले तामेलीमा राखिसकेको, संविधानमा समेत नीतिगत निर्णयका विषयमा अख्तियारको क्षेत्राधिकारमै पर्दैन ।'-उनले भने । विरोधीहरुले पार्टी अध्यक्षमाथि प्रहार गरिरहँदा पार्टीभित्रैबाट खिसिट्यूरी गर्ने काम भएको भन्दै उनले आपत्ती जनाए । उनले नेपाललाई मुद्दा लगाउने काम ठिक मान्नेहरु विपक्षीको पाउमा पार्टी बुझाउन खोजेको टिप्पणी गरे । 'यस्तो बेला डटेर मुकाविला गर्ने हो, नैतिकताको नाममा राजीनामा दिने र भाग्ने कुरा विल्कुलै ठिक हुँदैन,' उनले भने -'नबिराउनु नडराउनु, दुश्मनहरुसँग एकजुट भएर मुकाविला गरौं ।' उनले आफूहरु विद्रोहबाट स्थापित भएकाले २०८४ को निर्वाचनसम्म पार्टीलाई बलियो बनाउने दाबी गरे । देशैभर युवाहरुको एकीकृत समाजवादीमा आकर्षण रहेको समेत उनले दाबी गरे ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य रामकुमारी झाँक्रीले पार्टीमा करेक्सन गर्नुपर्ने बताइन् । उनले पार्टी अध्यक्षमाथि उठेको सवैधानिक र कानुनी समस्याबारे छिट्टै महाधिवेशन गरेर समाधान गर्नुपर्ने मत राखिन् । नेतृत्वमा एउटै व्यक्ति भइरहँदा 'मास फ्रस्टेशन' भएको समेत बताइन् ।

उनले अब पार्टीलाई करेक्सन गर्दै नजाने हो भने असन्तुष्टिहरु बढेर अराजकहरुको हातमा राजनीति जान सक्ने संकेत गरिन् ।

'आम रुपमा अराजकता छ, पुराना नेता र सिस्टमलाई गलत देखाएर पञ्चायतका प्रेतआत्माहरु जागेर व्यवस्थाकाविरुद्ध बोलेका छन्, अब सोंच्नुपर्दैन ?' उनले प्रश्न गरिन् । उनले पुनरुत्थानवादी शक्तिहरुले खुलेआम गणतन्त्रका विरुद्ध बोल्ने अवस्था किन आयो भनेर दलहरु र राजनीतिज्ञहरुले करेक्सन गर्नुपर्ने बेला आएको बताइन् । उनले अब यी सबै कुराहरुबाट शिक्षा लिदै पार्टीलाई नयाँ ढंगले लैजाने संकल्प गर्नुपर्ने बेला आएको जनाइन् ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादी लुम्बिनी प्रदेश अध्यक्ष अब्लुद हुसेन खाँन, पोलिटब्यूरो सदस्य तथा रुपन्देही इञ्चार्ज नन्दलाल बन्जाडे, पार्टी रुपन्देही अध्यक्ष हिराध्वज शाह, लुम्बिनी महासचिव नारायण शर्मालगायतले बोलेका थिए ।

भेलाका अवसरमा विभिन्न पार्टी परित्याग गरेकाहरुलाई उपमहासचिव चौधरीले स्वागत गरेको युवा संघ नेपाल रुपन्देहीका अध्यक्ष कृष्ण थापाले जानकारी दिए ।

# नेपाल-चीन संस्कृतिबारे मन्थन

बुटवल । नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्धका विषयमा बुटवलमा मन्थन गरिएको छ । जीवराज आश्रित फाउण्डेसन र वर्ल्ड कन्फ्युसियस सेन्टरको आयोजना र न्यू होराईजन स्कुलको सहआयोजनामा पूर्विय दर्शनको विषयमा अन्तर्किया सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै वक्ताहरुले बुद्ध, कन्फ्युसियसले प्रतिपादन गरेका दर्शनबाट नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्ध मजबुद भएको बताए । चीनले ४० वर्षको अवधिमा अतुलनीय देश विकास गरेको भन्दै वक्ताहरुले नेपालले पनि त्यसबाट सिकाई गर्दै लाभ लिनुपर्नेमा जोड दिए । सांस्कृतिक पर्यटनबाट दुई देशलाई जोड्न सम्भव रहेकाले त्यसका लागि एकअर्काको भाषा संस्कृति र कलाको विषयमा ज्ञान हुनुपर्ने वक्ताहरुले बताए ।

कार्यक्रममा बोल्दै वर्ल्ड कन्फ्युसियसका अध्यक्ष छन् जीन युनले पूर्विय दर्शनको प्रादुभाव गर्दै चीनले चार दशकमा अभूतपूर्व विकास गरेको बताए । उनले चीनले छिमेकी मुलुक नेपालसँग भाषा र संस्कृति आदानप्रदान गरी आर्थिक विकासमा टेवा पुऱ्याउन विभिन्न कार्यहरु गर्दै आइरहेको बताए । भाषाको सिकाइबाट हरेक क्षेत्रमा अवसरहरु सिर्जना हुने उनले बताए ।

त्यस्तै वर्ल्ड कन्फ्युसियसका उपाध्यक्ष ह हुईछिन र महासचिव तङ्ग होङ्ग मईले भाषा र शिक्षामार्फत् पूर्विया संस्कृतिको विषयमा नयाँ पुस्तालाई ज्ञान दिनुपर्ने जनाए ।

जीवराज आश्रित फाउन्डेसनका अध्यक्ष डा. सागर न्यौपानेले बौद्ध दर्शनले नेपाल र चीनलाई मजबुद रुपमा जोडेको बताउँदै यस दर्शनको अध्ययन र अनुसन्धान पनि सँगसँगै लैजानुपर्ने बताए । चीनले प्राप्त गरेको उपलब्धिको अनुशरण गर्दै नेपालमा पनि उत्पादनमा जोड दिनुपर्ने बताए । चिनियाँ संस्कृति विशाल रहेको भन्दै भाषा र संस्कृतिको माध्यमबाट नेपालले लाभ लिन सक्ने बताए । उनले चिनिया भाषा सिकाइले उच्च शिक्षाका लागि चिनमा ठूलो अवसर रहेको समेतउल्लेख गरे ।

न्यू होराइजनका प्राचार्य लोकनाथ उपाध्यायले चीनको विकास मोडलबाट नेपालले धेरै विषय अनुसरण गर्नुपर्ने बताए ।

लुम्बिनी वाङ्मय प्रतिष्ठान लुम्बिनीका अध्यक्ष ऋषि आजादले नेपाल र चीनको सम्बन्ध बलियो हुँदा देशको आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने जनाए । लुम्बिनी बौद्ध विश्वविद्यालयका उपप्राध्यापक दयानिधि गौतमले चीन र नेपालबिचको दार्शनिक सम्बन्धको विषयमा चर्चा गरे ।

कार्यक्रममा जीवराज आश्रितका महासचिव बलबहादुर आचार्य, दीप बोर्डिङ्का प्राचार्य टिकाराम न्यौपाने, लेखक रामचन्द्र श्रेष्ठ, डिलाराम खनाललगायतले बोल्दै चीन नेपाल संस्कृतिको विषयमा चर्चा गरेका थिए ।

जीवराज आश्रित फाउण्डेसनले आयोजना गरेको पूर्वीय सभ्यताको परिचर्चा कार्यक्रममा लेखक, कलाकार, राजनीतिज्ञ प्राध्यापकलगायतको सहभागिता रहेको थियो ।

# देवीनगरमा योग सचेतना ऱ्याली



बुटवल । बुटवलको देवीनगरमा शनिबार योग गरौं स्वस्थ जीवन बाचौं भन्ने सन्देशसहित जनचेतनामूलक ऱ्याली भएको छ ।

सुनौलो फुर्तिलो ग्रुप बुटवलको आयोजनामा लुम्बिनी वाणिज्य क्याम्पस, देवीनगर चौपारी आसपासमा ऱ्याली गर्दै देवीनगर पुलमा योग अभ्यास समेत गरिएको स्थानीय योग अभियान्ता पदम जीसीले बताए । यो ग्रुपले विगत दुई वर्षदेखि सुरुमा सिद्धेश्वर स्कुलमा निःशुल्क योग सिकाउँदै आएको छ । पछिल्लो समयमा लुम्बिनी वाणिज्य क्याम्पस प्रांगण देवीनगर, बुटवल बहुमुखी क्याम्पस प्रांगण र भलुहीमा पनि निःशुल्क योग अभ्यास सिकाउँदै आएको छ ।

मुख्य प्रशिक्षकहरु विष्णुमाया श्रेष्ठ, ढकबहादुर श्रेष्ठ, सहायक प्रशिक्षकहरु सुमी राना, इन्द्रा थापालगायतले जुम्बा नृत्यसहित योग अभ्यास सिकाएर सर्वसाधारण नागरिकलाई स्वस्थ बनाउने अभियानमा लागेको देवीनगरका अभियान्ता पदम जीसीले जानकारी दिए ।

देवीनगरका अभियान्ताले स्वेच्छिक सहयोग संकलन गरी करिब ४० हजार मूल्यको स्पीकर खरिद गरेर सुनौलो फुर्तिलो ग्रुपलाई हस्तान्तरण गरेको छ ।

# नवलपुरबाट ४ जीपीए ल्याउने ९ विद्यार्थी, ७०.४५ प्रतिशत ग्रेडिङ

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

यस वर्ष नवलपुरबाट एसईई दिएका ५ हजार ७ सय ७० जना विद्यार्थीमध्ये ९ जनाले ४ जीपीए प्राप्त गरेका छन् । ९ जनामध्ये ८ जना छात्रा र १ जना छात्र रहेका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले शुक्रबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजाअनुसार नवलपुरका ९ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन् ।

शिक्षा विकास तथा समन्वय इकाई नवलपुरका प्रमुख दिपेन्द्र श्रेष्ठका अनुसार सामुदायिक विद्यालयका ५ जना र संस्थागत विद्यालयका ४ जना विद्यार्थी गरी ९ जनाले ४ जीपीए ल्याएका हुन् ।

प्रकाशित नतिजाअनुसार ज्ञानोदय माध्यमिक विद्यालय कावासोती-८ का आयुष ढकाल, नवजागरण माध्यमिक विद्यालय चोरमाराकी अनुस्का बस्याल, सरस्वती संस्कृत तथा साधारण माध्यमिक विद्यालय हुप्सेकोटकी जस्मिन कंडेल, विश्वज्योति माध्यमिक विद्यालय प्रगतिनगरकी लक्ष्मी श्रेष्ठ र सुस्मिता केसी, जनज्योति नमूना माध्यमिक विद्यालयकी अञ्जु श्रेष्ठ, जनता मावि हर्कपुरकी अंकिता अधिकारी, ब्लुस्टार माध्यमिक विद्यालय दुम्किबासकी वृन्दा गुप्ता र मुनलाइट आदर्श पब्लिक एकेडेमी देवचुलीकी रोशा नेपालीले ४ जीपीए प्राप्त गरेका हुन् । यता सिद्धार्थ आवासीय माविबाट एसईई दिएका ४ जोडी टुइन्स पनि उत्तीर्ण भएका छन् । सिद्धार्थ आवासीय माविका प्रिन्सिपल भोजराज दाहालका अनुसार ३ जोडी ३.६ भन्दा माथि जीपीए र १ जोडी टुइन्स ३.२ जीपीएभन्दा माथि अंक ल्याएर उत्तीर्ण भएका छन् । सिद्धार्थ आवासीय माविबाट शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएको दाहालले बताए ।

शिक्षा तथा समन्वय इकाई कार्यालय नवलपुरका प्रमुख दीपेन्द्र श्रेष्ठका अनुसार नवलपुरबाट यस वर्ष ५ हजार ७ सय ७० जना विद्यार्थीहरुले एसईई दिएकामध्ये ४ हजार ६५ जना अर्थात् ७० दशमलब ४५ प्रतिशत विद्यार्थी ग्रेडिङ भएका छन् ।

त्यसैगरी नवलपुरमा ३.६ देखि ४ जीपीएसम्म ६ सय ८६, ३.२ देखि ३.६ जीपीएसम्म एक हजार २ सय ५४, २.८ देखि ३.२ जीपीए १ हजार ४ सय २५, २.४ देखि २.८ जीपीएसम्म ६ सय ६३ जना, २.० देखि २.४ जीपीएसम्म २८ जना रहेका छन् । त्यसैगरी १.६ देखि २.० जीपीएसम्म ० जना र नन ग्रेडिङ १ हजार ७ सय ५ जना अर्थात् २९ दशमलब ५५ प्रतिशत रहेका छन् ।

नवलपुर जिल्लाबाट ८७ वटा सामुदायिक विद्यालय ४९ वटा संस्थागत विद्यालय, ५ वटा धार्मिक विद्यालय र एउटा खुल्ला गरी १ सय ४२ वटा विद्यालयले एसईईमा विद्यार्थीलाई सहभागी गराएका थिए । नवलपुरमा गत वर्ष ४८.४५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकोमा ७०.४५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको हो । गत वर्षको तुलनामा २२ प्रतिशत उत्तीर्ण भएका छन् । यता नवलपुरको राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले शुक्रबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा अनुसार गैंडाकोट नगरपालिकाबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका १ हजार १ सय २३ विद्यार्थीमध्ये ८ सय ५७ जना विद्यार्थी उत्तीर्ण भएका छन् । शैक्षिक सत्र २०८० मा गैंडाकोटको नतिजा ५७.८ प्रतिशत थियो ।

गैंडाकोटबाट शैक्षिकसत्र २०८१ मा १० वटा सामुदायिक, १३ वटा संस्थागत र १ वटा धार्मिक विद्यालयका १ हजार १ सय २३ सहभागी भएका थिए ।

१० वटा संस्थागत विद्यालयबाट सहभागी ६ सय ८७ विद्यार्थीमध्ये ४ सय ६७ जना अर्थात् ६९.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन् । सामुदायिकतर्फ अमरज्योति माध्यमिक विद्यालय गैंडाकोट-१७ ले ८९.१९ प्रतिशत, रत्न राज्य लक्ष्मी माध्यमिक विद्यालयले ८८.४२ प्रतिशत र जनक माध्यमिक विद्यालयले ७५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएका हुन् ।

त्यसैगरी गैंडाकोटका १३ वटा संस्थागत विद्यालयबाट सहभागी भएका ४ सय ३६ विद्यार्थीमध्ये ३ सय ९० जना अर्थात् ८९.४५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन् । संस्थागततर्फ किडस होम एकेडमीले शत प्रतिशत, गैंडाकोट इङ्गिलस स्कुलले ९८.०८ प्रतिशत र अमर इङ्गिलस स्कुलले ९७.५६ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएका हुन् । यसैबिच गैंडाकोटका दुई वटा विद्यालयको नतिजा शून्य रहेको गैंदाकोट नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । नतिजा शून्य हुने विद्यालयहरुमा बालज्योति माध्यमिक विद्यालय गैंडाकोट-१८ र श्रीमद रामानुज वेद विद्याश्रम रहेका छन् । बालज्योति माध्यमिक विद्यालयबाट ११ जना र रामानुज वेद विद्याश्रमबाट १ जना विद्यार्थी परीक्षा मा सहभागी थिए ।

त्यसैगरी कावासोतीको परीक्षा फल समग्रमा राम्रो रहेको कावासोती नगरपालिकाको शिक्षा शाखाले जनाएको छ ।

कावासोती नगरपालिका शिक्षा शाखाका अनुसार कावासोतीको सामुदायिक विद्यालयको ८१.१५ प्रतिशत र संस्थागत विद्यालयको नतिजा ९८.०७ गरी जम्मा ८६.१२ प्रतिशत रहेको छ ।

त्यसैगरी विनयी त्रिवेणी गाउँपालिकाबाट माध्यामिक शिक्षा परीक्षा (एसईई)मा सहभागी भएका ६ सय ८३ विद्यार्थीमध्ये ३ सय ५१ जना अर्थात् ५१.३९ प्रतिशत माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण भएका हुन् । शैक्षिकसत्र २०८० को माध्यमिक शिक्षा परीक्षा (एसईई)मा विनयी त्रिवेणीको नतिजा ३२.२३ प्रतिशत मात्रै रहेको थियो ।

त्यसैगरी हुप्सेकोट गाउँपालिकाबाट माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी भएका ४ सय २९ विद्यार्थीमध्ये २ सय ६७ जना अर्थात् ६२.२४ प्रतिशत माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण भएका हुन् ।

शैक्षिकसत्र २०८० को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा हुप्सेकोटको नतिजा ३७ प्रतिशत मात्रै रहेको थियो ।

हुप्सेकोटबाट १२ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयहरु माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी भएका थिए ।

यता मध्यविन्दु नगरपालिकामा सामुदायिक विद्यालयको नतिजा खस्केको छ । मध्यविन्दुको समग्र नतिजा ५४.६६ प्रतिशत रहेको भए पनि सामुदायिक र संस्थागत विद्यालयतर्फको नतिजामा दोब्बर फरक परेको हो । प्रकाशित नतिजाअनुसार १३ वटा सामुदायिक विद्यालयले ४३.८६ प्रतिशत उत्तीर्ण गराउँदा संस्थागत विद्यालयको नतिजा ८८.७३ प्रतिशत रहेको हो । मध्यविन्दु नगरपालिकाबाट गत शैक्षिकसत्रको माध्यामिक शिक्षा परीक्षा (एसईई) मा १३ सामुदायिक विद्यालयका ६४३ विद्यार्थी सहभागी भएकामा २८२ विद्यार्थी उत्तीर्ण भएका हुन् भने ९ वटा संस्थागत विद्यालयका २०४ विद्यार्थीमध्ये १८१ जना विद्यार्थी उत्तीर्ण भएका हुन् ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# पाल्पामा ६ विद्यार्थीले ल्याए ४ जीपीए, ६१ प्रतिशत उत्तीर्ण

**कृष्ण पोखरेल**
*पाल्पा*

माध्यमिक शिक्षा परीक्षा (एसईई) को २०८१ नतिजामा पाल्पामा ६१ प्रतिशत विद्यार्थी उत्तीर्ण र ६ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । असार १३ गते शुक्रबार प्रकाशित नतिजाअनुसार जिल्लाका ३ वटा विद्यालयका ६ जना विद्यार्थीहरुले उच्चतम अंक ४ जीपीए ल्याएका हुन् । ४ जीपीए ल्याउने ६ जना विद्यार्थीहरुमध्ये निजी विद्यालयबाट ३ जना र सामुदायिक विद्यालयबाट ३ जना रहेका छन् । ४ जीपीए ल्याउनेमा निजी विद्यालयअन्तरगत न्यू होराइजन सेकेण्डरी स्कुल तानसेनबाट निश्चल भण्डारी, कामना राना र दिया कार्की, रामतुलसी नमूना माविबाट विविशा घिमिरे र अनुजा श्रेष्ठ, देववाणी संस्कृत तथा साधारण माविबाट शुलभ भट्टराई रहेका छन् ।

पाल्पाबाट १ सय ३९ विद्यालयबाट ३ हजार ७ सय ३२जना एसईई परीक्षामा सहभागी भएका विद्यार्थीमध्ये ६० दशमलव ४५ प्रतिशतले ग्रेड पूरा गरेको, नियमित साधारणतर्फ ५९ दशमलव ९३ प्रतिशत र प्राविधिकतर्फ ६८ दशमलव ४२ प्रतिशत विद्यार्थीहरु परीक्षामा उत्तीर्ण भएको शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाले जनाएको छ ।

पाल्पामा साधारणतर्फ ६ जना ४ जीपीए, ३.६१ देखि ४ जीपीए ल्याउने २३२ जना ए प्लस, ३.२१ देखि ३.६० जीपीए ल्याउने ५५१ जना ए, २.८१ देखि ३.२० ल्याउने ७५३ जना वि प्लस, २.४१ देखि २.८० जीपीए ल्याउने ५३८ जना वि, २.०१ देखि २.४० जीपीए ल्याउने २० जना सि प्लस, १.६० देखि २.० ल्याउने शून्य, सि र १.६० जीपीएभन्दा कम ल्याउने अनुत्तीर्ण हुने विद्यार्थी संख्या १ हजार ४ सय ४ रहेको छ ।

प्राविधिकतर्फ चार जीपीए ल्याउने विद्यार्थी शून्य, ३.६१ देखि ४ जीपीए ल्याउने १८ जना, ए प्लस, ३.२१ देखि ३.६० जीपीए ल्याउने ६२ जना ए, २.८१ देखि ३.२० ल्याउने ६१ जना वि प्लस, २.४१ देखि २.८० जीपीए ल्याउने १५ जना वि र १.६० जीपीएभन्दा कम ल्याउने अनुत्तीर्ण विद्यार्थी संख्या ७२ जना रहेको छ ।

गतवर्षको एसईई नतिजामा पाल्पाबाट २७.८५ प्रतिशत मात्र विद्यार्थीहरु उत्तीर्ण भएका थिए । यस वर्ष ३३ प्रतिशत वृद्धि भई ६१ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएका छन् । गत वर्ष २ जनाले मात्र ४ जीपीए ल्याएकोमा यस वर्ष ६ जनाले ल्याएका छन् ।

गत वर्ष ४ जीपीए ल्याएका विद्यालय भने यस वर्षको ४ जीपीएमा पर्न सकेनन् । समग्र पाल्पामा एसईई नतिजामा उल्लेखनीय रुपमा सुधार भएको देखिन्छ । पाल्पामा पालिकाको निरन्तर निगरानी र चासोका कारण नतिजा सुधार भएको विश्लेषण गरिएको छ ।

## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

### कवाडी मालवस्त निकासी ठेक्काको बोलपत्र आह्वान सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०३/१५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम आ.व.२०८२/०८३ का लागि देहायका शीर्षकमा ठेक्का प्रकृयाबाट आय वन्दोवस्ति गर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

♦निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.३०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर वा रसिद, फर्म (नविकरण गर्नुपर्ने भए नविकरण भएको) दर्ताको प्रमाणपत्र, आ.व.२०८०/०८१ को आयकर चुक्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम लिन गर्न सकिनेछ ।

♦मू.अ.कर बाहेकको न्युनतम अंक देहाय बमोजिम रहेको छ । बोलपत्र दाखिला गर्दा आँफुले बुझाउन कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

| ठेक्का नं. | विवरण | मू.अ. कर बाहेकको न्युनतम अंक रु. | धरौटी रु. | बोलपत्र दस्तूर रु. |
| --- | --- | --- | --- | --- |
| आय-०१। २०८२।०८३ | कवाडी मालवस्तु निकासी कर | ३७,०१,५००.०० | मु.अ. कर सहितको कबोल रकमको छ प्रतिशतले हूने रकम | ३,०००.०० |

♦ठेक्का सम्बन्धि विस्तृत सूचना यस कार्यालयको वेवसाईट www.tilottamamun.gov.np मा हेर्न सकिनेछ ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com